जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक १८५ • २०८३ बैशाख १३ गते आईतवार • 26 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## प्रत्येक वर्ष झैं वैशाख शुक्ल नवमीका दिन सीता जयन्ती मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ बैशाख**

प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने राष्ट्रिय विभूति सीता उत्पत्ति दिवस तथा जयन्ती शनिबार सीताप्रति श्रद्धाका साथ भक्तिपूर्वक पूजा अर्चना गरी मनाइँदैछ । यस दिनलाई जानकी नवमी पनि भनिन्छ ।



त्रेतायुगमा मिथिलाका राजा जनकले ठूलो यज्ञ गरी विधिपूर्वक खेत जोत्ने क्रममा जनकपुरस्थित एक खेतमा सीताको उत्पत्ति भएको कथा रामायणलगायत वैदिक दर्शनका धर्मग्रन्थ एवं पुराणमा वर्णन गरिएको छ । सीता उत्पत्ति भएको दिनलाई सीता जयन्तीको रूपमा देशव्यापी रुपमा जानकी मन्दिरसंगै रामजानकी मन्दिरमा विशेष पूजाअर्चना गरी पर्व मनाइन्छ । जनकपुरधामस्थित जानकी मन्दिरमा विशेष पूजाअर्चनासहित भव्य रुपमा मनाइँदै आएको छ । यस दिनमा श्रद्धालु भक्तजनहरुको जानकी मन्दिरमा घुइँचो नै लाग्ने गर्छ । सांस्कृतिक, धार्मिक तथा प्राचीन ग्रन्थको पात्र सीताको योगदानलाई स्मरण गर्दै सरकारले उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान दिएको छ ।

सीतालाई सत्यवती, पतिव्रता एवं आदर्श नारीका रूपमा सम्मान गरिन्छ । अयोध्याका राजा दशरथका छोरा राजकुमार श्रीरामसंग सीताको विवाह भएको थियो । पितृ आज्ञा पालना गर्न राम वनबास जाँदासंगै गएकी सीताले रावणबाट हरण हुँदा पनि पतिव्रता धर्म नत्यागेको कथा पुराणमा उल्लेख गरिएको छ । रावणसहित राक्षस माथि विजयी प्राप्त गरी अयोध्या फर्केपछि राजा रामलाई लोकनिन्दाले काम गर्न असहज नहोस् भन्दै सीताले महारानीको पद त्याग गरेर गर्भिणी भए पनि वनवास हिँडेकाले आदर्श नारीका रूपमा सम्झना गरिन्छ ।

अयोध्या त्याग गरे पनि मन, वचन र कर्मले पति रामप्रति समर्पित रहेको, लव र कुश दुई छोरालाई वाल्मीकि आश्रममा राखेर शिक्षादीक्षाले निपुण बनाइ अयोध्या फर्काएका कारण पनि सीताको भूमिकाले सबै नारीलाई सम्मानित बनाएको शास्त्रमा उल्लेख रहेको छ । अयोध्यामा आएका लव र कुशले रामायणको कथा एवं सीता निर्दोष भएर पनि वनमा बस्नुपरेको करुण गीत सुनाएपछि प्रजाको माग अनुसार सीतालाई ऋषि वाल्मीकिसहित दरबारमा बोलाइएको थियो ।

## अनावश्यक रूपमा हिरासतमा राख्ने तथा मनोबल कमजोर बनाउने गतिविधि तत्काल बन्द गर्न माग



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ बैशाख**

जनकपुरधाम उद्योग वाणिज्य संघले पछिल्लो समय आर्थिक अनुसन्धानका नाममा देशका प्रतिष्ठित उद्योगी-व्यवसायीहरूलाई अनावश्यक रूपमा हिरासतमा राख्ने तथा मनोबल कमजोर बनाउने गतिविधि तत्काल बन्द गर्न माग गरेको छ । संघले हालै पूर्ण बहुमतसहित नयाँ सरकार गठनपछि मुलुकमा राजनीतिक स्थिरता कायम भई लगानीमैत्री वातावरण बन्ने विश्वास गरिएको अवस्थामा पछिल्ला केही दिनदेखि भएका गिरफ्तारी र अनुसन्धान प्रक्रियाप्रति आपत्ति जनाएको हो । संघद्वारा जारी प्रेस विज्ञप्तिमा यस्तो कार्यले निजी क्षेत्रमाथि दबाब सिर्जना गर्नुका साथै समग्र अर्थतन्त्रप्रतिको विश्वास कमजोर बनाउने उल्लेख गरिएको छ । कुनै पनि आरोप वा शंकाको विषयमा निष्पक्ष छानबिन, प्रमाण संकलन र कानुनी सुनुवाइजस्ता विधिसम्मत प्रक्रिया अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ ।

'कानून सबैका लागि समान हुनुपर्छ । तर, प्रक्रियागत निष्पक्षता र पारदर्शिता अनिवार्य छ,' विज्ञप्तिमा भनिएको छ, 'दोष प्रमाणित हुनुअघि नै उद्योगी-व्यवसायीलाई पक्राउ गर्ने वा हिरासतमा राख्ने प्रवृत्तिले लगानीको वातावरण थप कमजोर बनाउँछ ।' संघले अहिले मुलुक आर्थिक सुस्तता, घट्दो उत्पादन, बेरोजगारी वृद्धि, लगानी अभाव र युवाशक्ति पलायनजस्ता चुनौतीसँग जुधिरहेको उल्लेख गर्दै यस्तो संवेदनशील अवस्थामा निजी क्षेत्रलाई साथ र सहकार्यमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




स्वच्छ शहर: स्वस्थ्य शहर
- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामाग्री नराखौं ।
शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




## जानकी नवमीलाई महापर्वको रुपमा मनाऔं

हिन्दु धर्मशास्त्र अनुसार वैशाख शुक्ल नवमीका दिन जगज्जननी जानकी माताको प्राकट्य भएको मानिन्छ । यस पावन दिनलाई 'सीता नवमी' वा 'जानकी नवमी' का रूपमा श्रद्धापूर्वक मनाइने गरिन्छ । धार्मिक मान्यता अनुसार, त्रेतायुगमा मिथिलाका राजा जनकले यज्ञको भूमि तयार गर्न हलो जोत्दा धर्तीबाट एउटी कन्याका रूपमा उहाँ प्रकट हुनुभएको थियो। मिथिलाका राजा जनक उहाँका जनक पनि बन्नुभयो । धर्तीकी पुत्री हुनुको नाताले उहाँमा पृथ्वी जस्तै सहनशीलता र उदारता थिए । राजा जनकको दरबारमा उहाँले शास्त्र र शस्त्र दुवैको ज्ञान प्राप्त गर्नुभयो । उहाँ 'वैदेही' (देहको मोह नभएकी) र 'जानकी' का नामले पनि चिनिनुहुन्छ । आर्य संस्कृति र हिन्दु दर्शनमा माता सीता केवल एक ऐतिहासिक वा पौराणिक पात्र मात्र हुनुहुन्न, उहाँ त्याग, शक्ति, पवित्रता र बुद्धिको सर्वोच्च प्रतीक हुनुहुन्छ । वाल्मिकि रामायण र अन्य रामायणहरूमा सीताको चरित्रलाई एक यस्तो नारीको रूपमा चित्रण गरिएको छ, जसले हरेक परिस्थितिमा आफ्नो धर्म र मर्यादालाई सर्वोपरि राख्नुभयो । सीताको विवाह भगवान् श्रीरामसँग हुनु केवल एक संयोग थिएन, बरु उहाँको शक्तिको पहिचान पनि रहेका थिए ।

बाल्यकालमा भगवान् शिवको पिनाक धनुषलाई सहजै उठाउन सक्ने उहाँको सामर्थ्यले नै उहाँको दिव्य स्वरूपलाई प्रष्ट पार्छ । वनवास जाने समयमा श्रीरामले उहाँलाई अयोध्यामै बस्न आग्रह गर्दा, उहाँले तर्कपूर्ण ढङ्गले आफ्नो अधिकारको कुरा राख्नुभयो र सँगै जाने निर्णय गर्नुभयो । उहाँले राजदरबारको सुखलाई त्यागेर श्रीरामसँगै १४ वर्ष वनवास जाने निर्णय गर्नु उहाँको पतिव्रता धर्म मात्र नभई आफ्ना निर्णयमा अडिग रहने स्वतन्त्र व्यक्तित्वको प्रमाण पनि रहेको छ । यसकारण यस दिनलाई भव्यता प्रदान गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा महापर्वको रुपमा मनाउन जरुरी छ ।

# मानव एकता दिवसको अवसरमा जनकपुरधाममा वृहत रक्तदान, १२७ जनाले गरे रक्तदान

**ओ पी साह**
**जनकपुरधाम, १२ बैशाख**



मानव एकता दिवसको उपलक्ष्यमा सन्त निरंकारी मण्डल नेपाल, शाखा जनकपुरधामद्वारा शनिबार आयोजित वृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ। जनक चौकस्थित जनक मन्दिरको प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा १२७ जनाले रक्तदान गरेका छन् ।

रक्तदान गर्नेहरूमध्ये २७ जना महिला र १०० जना पुरुष सहभागी भएका थिए । "रक्त नालीमा होइन, नाडीमा बगाऔं" भन्ने मानवीय सन्देशसहित आयोजित कार्यक्रमले मानव सेवा, आध्यात्मिकता र सामाजिक उत्तरदायित्वको सशक्त सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ । सन्त निरंकारी मण्डली जनकपुरधामका अध्यक्ष बेचु रजकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस प्रदेश सभामुख राम अशिष यादव प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । प्रमुख अतिथि राम अशिष यादव ले रक्तदान जीवनदानको महान कार्य भएको उल्लेख गर्दै यस्ता कार्यक्रमले समाजमा मानवता, सहकार्य र सेवाभावको भावना अभिवृद्धि गर्ने बताउनुभयो। उहाँले सन्त निरंकारी मण्डलले आध्यात्मिक चेतनासँगै सामाजिक सेवाका क्षेत्रमा निरन्तर उदाहरणीय कार्य गर्दै आएको उल्लेख गर्दै मानव एकता दिवसको सन्देशलाई व्यवहारमा उतार्न यस्ता अभियान प्रभावकारी हुने धारणा राख्नुभयो । सभामुख यादवले रगत अभावका कारण कसैले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदानजस्ता कार्यक्रम अझ व्यापक रूपमा सञ्चालन हुनुपर्ने बताउनुभयो । उहाँले मानवता नै सबैभन्दा ठूलो धर्म भएको उल्लेख गर्दै समाजलाई एकता, सद्भाव र सेवाको बाटोमा अघि बढाउन सबैलाई आह्वान गर्नुभयो । कार्यक्रमका अध्यक्ष बेचु रजकले सन्त निरंकारी मण्डलले आध्यात्मिकता र मानव सेवालाई सँगसँगै अघि बढाउँदै आएको बताउँदै मानव एकता दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रम समाजप्रति उत्तरदायित्वको प्रतीक भएको धारणा राख्नुभयो। उहाँले "मानव सेवा नै साँचो भक्ति हो" भन्ने भावनासहित मण्डलले आगामी दिनमा पनि यस्ता सामाजिक तथा मानवीय कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । मानवता दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका का निवर्तमान नगर प्रमुख लाल किसोर साह, केन्द्रीय सदस्य रामाशंकर साह, सेवा दल इन्चार्ज बिनोद साह , समाजसेवी जयनाथ मंडल लगायत सन्त निरंकारी मण्डलका पदाधिकारी, स्थानीय समाजसेवी, युवा, महिला तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। आयोजकका अनुसार कार्यक्रमले जनचेतना अभिवृद्धि गर्नुका साथै सामाजिक सद्भाव, मानवीय एकता र सेवा भावलाई थप मजबुत बनाएको छ ।

# वैधानिक दायित्व पालना नगरेको आरोपमा कडा स्पष्टीकरण

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १२ बैशाख**

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय तदर्थ समितिले धनुषा जिल्ला शाखालाई वैधानिक दायित्व पालना नगरेको आरोपमा कडा स्पष्टीकरण सोध्दै जवाफ पेश गर्न निर्देशन दिएको छ । तोकिएको समयभित्र सन्तोषजनक स्पष्टीकरण नआए शाखा समिति नै विघटन गर्न सकिने चेतावनी दिइएको छ ।

केन्द्रीय कार्यालयले जारी गरेको पत्रमार्फत धनुषा शाखाका सभापति नरेशप्रसाद सिंहलाई सम्बोधन गर्दै सदस्यता विस्तार अभियान प्रभावकारी रूपमा सञ्चालन नगरेको, सदस्यताको अभिलेख अद्यावधिक नगरेको र संकलित शुल्क बैंक दाखिला नगरेको जस्ता गम्भीर त्रुटिहरू औंल्याएको हो । पत्रअनुसार, रेडक्रसको विधान २०२० (अठारौं संशोधन २०८२ सहित) बमोजिम केन्द्रीय तदर्थ समितिको फागुन २४ गतेको बैठकले देशभर सदस्यता विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । सो अभियान फागुन २५ देखि चैत २४ सम्म सञ्चालन गर्न सबै जिल्ला शाखाहरूलाई निर्देशन दिइएको थियो । यसका लागि केन्द्रीय कार्यालयले सामाजिक सञ्जाल, रेडियो तथा राष्ट्रिय पत्रिकामार्फत सार्वजनिक सूचनासमेत जारी गरेको थियो । तर, धनुषा शाखाले उक्त अभियानमा अपेक्षित सक्रियता नदेखाएको केन्द्रको आरोप छ । सदस्यता वितरण नगरेको, सदस्यहरूको विवरण अभिलेखमा अद्यावधिक नगरेको तथा सदस्यता शुल्क बैंकमा दाखिला नगरेको जस्ता कार्यहरूले संस्थाको विधान विपरीत काम भएको केन्द्रीय कार्यालयको निष्कर्ष छ ।



केन्द्रीय कार्यालयले यसअघि पनि पटक पटक पत्राचार, टेलिफोन सम्पर्क तथा कर्मचारी परिचालनमार्फत शाखालाई आवश्यक सहजीकरण गरेको दाबी गरेको छ । तर, ती प्रयासहरूबाट पनि अपेक्षित सुधार नदेखिएपछि बाध्य भएर स्पष्टीकरण सोधिएको जनाएको छ । केन्द्रीय तदर्थ समितिको चैत १५ गते बसेको ३५०औं बैठकले धनुषा शाखालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार, शाखाले वैधानिक दायित्व पूरा नगर्नुको कारण स्पष्ट रूपमा उल्लेख गर्दै जवाफ दिनुपर्नेछ । स्रोतका अनुसार, तोकिएको समयसीमाभित्र चित्तबुझ्दो स्पष्टीकरण नआए धनुषा जिल्ला शाखा समिति विघटन गरी नयाँ तदर्थ समिति गठन गर्ने प्रक्रिया अघि बढ्न सक्नेछ ।

उता, यस विषयमा धनुषा शाखाका पदाधिकारीहरूले औपचारिक प्रतिक्रिया दिएका छैनन् । तर, आन्तरिक विवाद र व्यवस्थापनगत कमजोरीका कारण अभियान प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको हुनसक्ने अनुमान गरिएको छ ।

### तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मनमा पछुतो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक चिन्ता
मकर: लामो यात्राको योग छ
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने


### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युक्रेनमा रूसी आक्रमण जारी, दुई जनाको मृत्यु, २१ घाइते

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**



युक्रेनको पूर्वी डिनिप्रो शहरमा भएको पछिल्लो रूसी आक्रमणमा  दुई जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएको अधिकारीहरुले शनिबार बताएका छन् । उद्धारकर्मीले रूसी आक्रमणबाट ध्वस्त भएको डिनिप्रो स्थित एउटा भवनको भग्नावशेषबाट दुई जनाको शव बरामद गरेको ड्रिन्प्रोपेट्रोभस्क क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्झाले बताउनु भएको छ ।

पाँच जना अझै पनि भग्नावशेषमुनि फसेको हुन सक्ने आशंका गरिएको बताउदै उहाँले २१ जना घाइते भएको पुष्टि गर्नु भएको भएको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा भएको पछिल्लो रूसी आक्रमणमा चार जनाको मृत्यु भएको र करिब ३० जना घाइते भएको बताउनु भएको छ । आक्रमणको सामना गर्न साझेदारलाई तत्काल र सहकार्य आवश्यक रहेको बताउदै हवाई रक्षा बलियो बनाउन तथा रूस विरुद्ध युरोपेली प्रतिबन्धको २१ औं प्याकेजतर्फ पनि अघि बढ्नु पर्ने बताउनुभएको छ ।

युक्रेनको सिमानामा रहेको रूस कुर्स्क क्षेत्रमा भएको युक्रेनी ड्रोन आक्राणमा परी एक जना घाइते भएको गभर्नर अलेक्जान्डर खिन्स्टेनले शनिबार बताउनु भएको छ ।

युक्रेनमा रूसी आक्रमण जारी, दुई जनाको मृत्यु, २१ घाइते युक्रेन, वैशाख १२ गते । युक्रेनको पूर्वी डिनिप्रो शहरमा भएको पछिल्लो रूसी आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएको अधिकारीहरुले शनिबार बताएका छन् । उद्धारकर्मीले रूसी आक्रमणबाट ध्वस्त भएको डिनिप्रो स्थित एउटा भवनको भग्नावशेषबाट दुई जनाको शव बरामद गरेको ड्रिन्प्रोपेट्रोभस्क क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्झाले बताउनु भएको छ ।

पाँच जना अझै पनि भग्नावशेषमुनि फसेको हुन सक्ने आशंका गरिएको बताउदै उहाँले २१ जना घाइते भएको पुष्टि गर्नु भएको भएको छ ।

# तीन दशकपछि ‘नो किसिङ पोलिसी’ तोडेको बारे के भन्छिन् काजोल ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**



बलिउडकी सदाबहार अभिनेत्री काजोलले आफ्नो ३० वर्ष लामो फिल्मी करियरमा पहिलो पटक अनस्क्रिन ‘किस’ गर्दाको अनुभव सार्वजनिक गरेकी छन् ।

दिलवाले दुल्हनिया ले जाएंगे, कुछ कुछ होता है र कभी खुसी कभी गमजस्ता ब्लकबस्टर फिल्महरूमा अभिनय गर्दा सधैं ‘नो किसिङ पोलिसी’ पछ्याएकी काजोलले सन् २०२३ मा रिलिज भएको वेब सिरिज ‘द ट्रायल : प्यार, कानुन, धोका’ मार्फत उक्त नियम तोडेकी थिइन् ।

लिली सिंहको पोडकास्टमा कुरा गर्दै काजोलले यो आफ्नो लागि कुनै रहर नभई पात्रको माग भएको स्पष्ट पारेकी छन्। सिरिजमा आफ्ना को-स्टार जिस्सू सेनगुप्तासँगको किसिङ सिनका बारेमा उनले भनिन्, ‘साँचो भन्नुपर्दा यो उक्त भूमिकाको आवश्यकता थियो। यो केवल एउटा किस मात्र थिएन, बरु त्यस पात्रको सोच, चाहना र उसको जीवनमा घटेका घटनाहरूको एउटा महत्वपूर्ण पाटो थियो ।

यदि उक्त दृश्य हटाएको भए पात्रको एउटा महत्त्वपूर्ण हिस्सा नै अधुरो हुने थियो ।’ काजोलले सुटिङको समयमा आफू निकै मानसिक तनाव र असहजतामा रहेको समेत खुलासा गरिन्। सेटमा पुग्दासम्म पनि उनी यो सिन गर्न सकिन्छ वा सकिँदैन भन्नेमा दुविधामा थिइन्।  उनले भनिन्, ‘म निकै अनकम्फर्टेबल थिएँ। मलाई लाग्थ्यो कि म बीचमै ‘कट भनेर यो हुँदैन भनिदिन्छु कि ! तर अन्ततः मैले यसलाई एउटा व्यावसायिक निर्णयका रूपमा लिएँ र सुटिङ पूरा गरेँ ।’

अमेरिकी शो ‘द गुड वाइफ’ को भारतीय संस्करण रहेको ‘द ट्रायल’ मा काजोलले नोयोनिका सेनगुप्ताको भूमिका निर्वाह गरेकी छन्, जो आफ्नो श्रीमानको स्क्यान्डलपछि पुनः कानुनी अभ्यासमा फर्किन्छिन् ।

# एमआरपीका लागि समय दिन मोबाइल व्यवसायीको माग

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**



नेपाल मोबाइल व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष रमेशकुमार घिमिरेले सरकाले लागू गर्न लागेको बिक्री गरिने वस्तुमा अधिकतम् खुद्रा मूल्य (एमआरपी) को विषयले व्यवसायीहरू समस्यामा परेको बताएका छन् ।

मोबाइल व्यवसायीले वर्षौंदेखि विक्री नभएका र स्टक रहेका सामानहरूको स्टक १५ दिनमा नै सकाउन वा फिर्ता गर्न सम्भव नभएको भन्दै उनले थप समय दिन सरकारसँग आग्रह गरे । ‘रिटेल व्यवसायीले वस्तुको मूल्य राख्ने होइन, आयातकर्ता र उत्पादनकर्ताले मूल्य तोकेर दिनुपर्छ, अधिकतम् खुद्रा मूल्य तोकेर दिइयोस् हामी कार्यान्वयन गर्छौं, तर विगतमा स्टक रहेका नबिकेका सामान १५ दिनमा नै बेच भनेर सकिँदैन, फिर्ता पठाउन पनि सम्भव छैन, सरकारले पर्याप्त दिएर समय बढाओस् हामी सरकारको एमआरपीको निर्णय मान्छौं,’ घिमिरेले भने । मोबाइल व्यवसायीहरूले मोबाइल कम्पनीबाटसमेत पछिल्लो समय असहयोग भोग्दै आइरहेको तर्फ पनि घिमिरेले असन्तुष्टि जनाए । उनले किस्ताबन्दीमा मोबाइल विक्री गर्दा सोको मूल्यवापतको किस्ता उपभोक्ताले समयमा नतिर्दा खुद्रा व्यवसायी समस्यामा पर्न थालेको गुनासो गरे । ‘व्यवसायीहरूले मोबाइल कम्पनीहरूबाट पनि पछिल्लो समय असहयोग भोग्दै आइरहेका छन्, किस्ताबन्दीमा मोबाइल विक्री गर्दा सोको मूल्य वापतको किस्ता उपभोक्ताले समयमा नतिर्दा खुद्रा कम्पनीले व्यवसायीहरूलाई ब्ल्याक लिस्टमा पार्न थालेको छ ।

# दशौँ पीएम कप एनभीए लिगः पुरुषतर्फ पुलिस र आर्मी विजयी, रुकुमसँग हार्‍यो एपीएफ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**




रेडबुल दशौं पीएम कप एनभीए महिला तथा पुरुष भलिबल लिग २०८३ को दोस्रो दिन शुक्रबार विभागीय टोलीहरुको प्रदर्शन मिश्रित रह्यो । पुरुषतर्फ विभागीय टोलीद्वय नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबले जित हात पार्दा नेपाल एपीएफ क्लब पराजित भयो । यस्तै महिलातर्फ पनि नेपाल एपीएफ क्लब पराजित रह्यो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा भइरहेको लिगमा शुक्रबार पुरुषको पहिलो खेलमा पुलिसले कोशी प्रदेश भलिबल क्लबलाई ३-१ को सेटमा हरायो। पहिलो सेट पुलिसले २५-२३ ले आफ्नो पक्षमा पार्दै अग्रता लिएपनि दोस्रो सेटमा पुनरागमन गरेको कोशीले २५-२२ ले सेट जित्दै खेल १-१ को बराबरीमा पुर्‍याएको थियो । तर त्यसपछि पुलिसले लगातार दुई सेट २५-२०, २५-२२ ले जितेर खेल जित्यो । यस्तै पुरुषतर्फ दिनको तेस्रो खेलमा आर्मीले बुढानिलकण्ठलाई पनि ३-१ कै सेटमा हरायो ।

आर्मीले बुढानिलकण्ठले २५-१९, २०-२५, २५-१४, २५-१५ ले हराउँदै दोस्रो जित हात पारेको हो । आर्मीले पहिलो दिन खिल्जी युवा क्लबलाई पराजित गरेको थियो। आर्मीले दुई खेलबाट ६ अंक जोडेको छ। तर एपीएफका लागि पनि शुक्रबार राम्रो रहन सकेन। पुरुषतर्फ एपीएफलाई तीन भारतीय खेलाडी समावेश गरेको रुकुम पश्चिम भलिबल क्लबले सोझो सेटमा हरायो । रुकुम पश्चिमले एपीएफलाई २५-१४, २५-२१, २५-१५ ले पराजित गर्‍यो । शुक्रबारै महिलातर्फ पनि विभागीय टोली एपीएफ बुटवलको एभरेष्ट भलिबल क्लबसँग पराजित भएको थियो । न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबले भने सुदूरपश्चिम माथि एकपक्षिय जित निकाल्यो ।

# सौर्य ऊर्जा उत्पादकलाई ‘पिपिए’ गर्न प्राधिकरणको आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**




नेपाल विद्युत् प्राधिकरणले स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौताका लागि लागि सम्पर्क गर्न आउन आग्रह गरेको छ ।

प्राधिकरणले स्थानीय तहको कम्तीमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने एक मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता गर्न लागेको छ। प्राधिकरणको २०८२ कात्तिक १९ को बैठकबाट सौर्य विद्युत् आयोजनाको बिजुली खरिद बिक्रीको सम्झौता गर्ने निर्णय गरेको थियो । स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनाको प्रतियुनिट चार रुपैयाँ ९९ कायम गरिएको छ ।

त्यस्ता आयोजनाबाट उत्पादित बिजुली खरिद बिक्री सम्झौता चालु आवको अन्त्यसम्म सम्पन्न गरिसक्ने निर्णय यसअघि नै भएको छ। प्राधिकरणको यही वैशाख २ गतेको निर्णयअनुसार, यसै महिनाको अन्तिमसम्म आवश्यक कागजातसहितको निवेदन दिन आग्रह गरिएको छ। आयोजनालाई प्राधिकरणको ३३/११ केभी क्षमताको ग्रीड वा वितरण सवस्टेशनमा जडान गरिनेछ । प्रवर्द्धकले अनुरोध गरेमा प्राधिकरणको ११ केभी वितरण लाइनमा आवश्यक व्यवस्थासहित जडान गरिने प्राधिकरणले जनाएको छ ।

# भूकम्प जोखिम न्यूनीकरणका उपाय आवश्यक : राष्ट्रपति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ बैशाख**



राष्ट्रपति रामचन्द्र पौडेलले आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्वतयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याउनु भएको छ ।

दसौँ भूकम्प स्मृति दिवसको सन्देश जारी गर्दै उहाँले भन्नुभएको छ, “हाम्रो मुलुक प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका हुँदा आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्व तयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनु पनि उत्तिकै जरूरी रहेकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरूरी छ ।” राष्ट्रपति पौडेलले गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु भई विसं २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पमा परी ज्यान गुमाउनु हुने सबै दिदीबहिनी तथा दाजुभाइको स्मरण गर्दै उहाँहरूप्रति श्रद्धासुमन पनि अर्पण गर्नुभएको छ। सन्देशमा भनिएको छ, “भूकम्प एक प्राकृतिक विपत् हो । प्रत्येक वर्ष बढ्दै गएको सहरीकरणले गर्दा पनि भूकम्पीय जोखिमलाई बढाउँदै लगेको छ, भूकम्पलाई रोक्न नसके पनि यसबाट हुनसक्ने सम्भावित जोखिमबाट भने आफूलाई जोगाउन सकिन्छ ।”

नेपालको भौगोलिक अवस्थिति र बनावट तथा मानव निर्मित भौतिक संरचना भूकम्पीय जोखिमका प्रमुख कारण रहेकाले सुरक्षित निर्माण र सतर्कताका अभियानमा निरन्तर लागि रहनुपर्ने उहाँको भनाइ छ ।

# महाभूकम्पको जोखिम : पश्चिम नेपालको मौन चेतावनी

-सन् १५०५ को महाभूकम्पले पश्चिम नेपालका दैलेख, जुम्ला, मुस्ताङ, हुम्ला क्षेत्रमा व्यापक विनाश मच्चाएको भू-वैज्ञानिक अध्ययनले देखाएको छ। पश्चिम नेपालमा करिब पाँच सय वर्षदेखि ठूलो भूकम्प नआएकोले यो क्षेत्र भूकम्पीय अन्तर (सेस्मिक ग्याप) भएको वैज्ञानिकहरूले बताएका छन्। नेपालमा भूकम्प प्रतिरोधी निर्माण कार्य कडाइका साथ लागू नगरेको र जनचेतना अभिवृद्धि आवश्यक रहेको भू-प्राविधिक डा. मरासिनीले उल्लेख गर्नुभएको छ । नेपाल भूकम्पीय दृष्टिले विश्वकै सबैभन्दा संवेदनशील क्षेत्रमध्ये एक हो। भारतीय प्लेट र युरेसियन प्लेटबीचको निरन्तर घर्षणको प्रक्रियाले हिमालय क्षेत्रलाई अत्यन्त सक्रिय बनाएको छ। यही कारणले नेपालले पटक-पटक विनाशकारी भूकम्पहरूको सामना गर्दै आएको छ। तर विडम्बना के छ भने, हामीले विगतका घटनाबाट सिक्नुपर्ने पाठहरू अझै पूर्ण रूपमा आत्मसात् गर्न सकेका छैनौं। विशेष गरी सन् १५०५ को पश्चिम नेपालमा गएको महाभूकम्प–जसलाई इतिहासको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एक मानिन्छ–आज पनि पर्याप्त रूपमा अध्ययन र बहसको विषय बन्न सकेको छैन ।

सन् १५०५ को भूकम्प (एमडब्लु ८.२-८.८) ले कर्णालीका दैलेख, जुम्ला, मुस्ताङ, हुम्ला लगायतका क्षेत्रमा व्यापक विनाश मच्चाएको अनुमान गरिन्छ । त्यस समयको अभिलेख सीमित भए पनि तिब्बती स्रोतहरू र भू-वैज्ञानिक अध्ययनहरूले यसको प्रभाव अत्यन्त व्यापक रहेको संकेत गर्छन् । अझ महत्वपूर्ण कुरा के हो भने, त्यसयता पश्चिम नेपालमा यति ठूलो भूकम्प पुनः आएको छैन। यसले उक्त क्षेत्रलाई भूकम्पीय अन्तर (सेस्मिक ग्याप) अर्थात् लामो समयदेखि ऊर्जा सञ्चित भइरहेको क्षेत्रको रूपमा चिनाउँछ । नेपालको इतिहासमा पश्चिमी भूभागको जुम्ला-दैलेख केन्द्र भई फैलिएको खसराज्य एक समय शक्तिशाली राजनीतिक संरचना थियो । जसको प्रभाव पूर्वमा त्रिशुली नदी र पश्चिममा कुमाऊ गढवालसम्म विस्तार भएको पाइन्छ । बझाङमा भूकम्पको धक्का- तर वि.सं. १४०० पछिदेखि आन्तरिक कलह, उत्तराधिकार विवाद र शक्ति विभाजनका कारण यो राज्य क्रमशः कमजोर बन्दै गयो र अन्ततः बाइसे-चौबिसे राज्यहरूमा विभाजित भयो। यही संक्रमणकालमा सन् १५०५ ( वि.सं. १५६१) मा गएको महाभूकम्पले पश्चिम नेपालमा गहिरो असर पारेको मानिन्छ ।

यो महाभूकम्प विशेषगरी जुम्ला र दैलेख क्षेत्रमा विनाशकारी साबित भएको लोक-इतिहास र भौगोलिक विश्लेषणबाट संकेत पाइन्छ । जमिनमा ठूला चिरा पर्नु, पानीका मुहान सुक्नु, व्यापक पहिरो जानु र खेतीयोग्य जमिन नष्ट हुनु जस्ता असरहरूले स्थानीय जनजीवन अस्तव्यस्त बनायो । त्यससँगै तिब्बतसँग जोडिएको परम्परागत व्यापारिक मार्ग अवरुद्ध हुँदा आर्थिक गतिविधि पनि ठप्प हुन पुग्यो। यी कारणहरूले त्यस क्षेत्रलाई अनिकालको अवस्थातर्फ धकेल्यो । जीविकोपार्जन असम्भव बन्दै गएपछि स्थानीय बासिन्दाहरू सामूहिक रूपमा सुरक्षित र सम्भावनायुक्त क्षेत्रको खोजीमा पूर्वतर्फ बसाइँ सर्न थाले ।

सन् १५०५ को भूकम्प केवल इतिहासको एउटा घटना मात्र होइन, यो भविष्यको चेतावनी पनि हो। यसले हामीलाई सम्झाउँछ कि हिमालय अझै जीवित छ, सक्रिय छ, र कुनै पनि समय ठूलो भूकम्प ल्याउन सक्षम छ । दैलेखबाट सुरु भएको यो बसाइँसराइ सल्यान, रुकुम हुँदै गोरखा र अन्ततः काठमाडौँ उपत्यकासम्म पुगेको अनुमान गरिन्छ । यस क्रममा विभिन्न समुदायहरूले नयाँ बसोबास क्षेत्रहरूमा आफू आएको थलोको सम्झनामा पुरानै नामसँग मिल्दोजुल्दो स्थाननाम राख्ने परम्परा अपनाए। आज काठमाडौँ उपत्यकामा पाइने थापाथली, कोटेश्वर, लैनचौर, बालुवाटार जस्ता नामहरू र मध्यपहाडी राजमार्ग हुँदै यात्रा गर्दा पश्चिम नेपालको दैलेख खण्डमा भेटिने केही स्थानबीचको समानता यसै प्रक्रियाको संकेत हुन सक्छ । यद्यपि यस्ता दाबीहरूलाई पुष्टि गर्ने ठोस लिखित प्रमाण सीमित छन्, तर स्थानीय वंशावली, मौखिक इतिहास र स्थाननामको मिलानले यो सम्भावनालाई बल पुऱ्याउँछ । यसरी हेर्दा, खस राज्यको पतन, सन् १५०५ को महाभूकम्प र त्यसपछि भएको बसाइँसराइबीच गहिरो सम्बन्ध रहेको देखिन्छ। यस्ता ऐतिहासिक उदाहरणहरूले ठूला विपद्हरूले राज्य, अर्थतन्त्र र जनजीवनमा पार्न सक्ने असरको पूर्वानुमान गर्न सहयोग पुऱ्याउनुका साथै विपद् जोखिम न्यूनीकरणका लागि समयमै सचेत र तयारी हुन प्रेरित गर्छन् । नेपालको वर्तमान सामाजिक-सांस्कृतिक बनोट बुझ्न मात्र होइन, भविष्यका चुनौती सामना गर्न पनि यस्ता घटनाहरूको अध्ययन अत्यन्त महत्वपूर्ण देखिन्छ ।


नेपालको भूकम्पीय इतिहासलाई हेर्दा वि.स. १८९० (सन् १८३३), वि.स. १९९०(सन् १९३४) नेपाल-बिहार भूकम्प र वि.स. २०७२ (सन् २०१५) को गोरखा भूकम्प जस्ता घटनाहरूले पनि महत्वपूर्ण संकेत दिएका छन्। १८९० को भूकम्पले काठमाडौं उपत्यकामा क्षति पुऱ्यायो, तर त्यो तुलनात्मक रूपमा सीमित थियो। वि.सं. १९९० को भूकम्प भने अत्यन्त विनाशकारी बन्यो, जसले काठमाडौं उपत्यका सहित पूर्वी नेपाल र बिहारमा गरि १६००० भन्दा बढी को ज्यान लियो र संरचनागत कमजोरीको कठोर यथार्थ उजागर गऱ्यो । त्यसैगरी, वि.सं. २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्प आधुनिक नेपालका लागि ठूलो चेतावनी साबित भयो । करिब ९००० मानिसको मृत्यु, ८ लाख भन्दाबढी घरको क्षति र सांस्कृतिक सम्पदामा पुगेको असरले हाम्रो तयारीको स्तर स्पष्ट देखायो। तर वैज्ञानिक रूपमा हेर्दा, यो भूकम्पले सम्पूर्ण हिमालयी चिरा लाई सक्रिय बनाएको थिएन । विशेष गरी पश्चिम नेपालतर्फको ऊर्जा अझै बाँकी रहेको देखिन्छ ।


यी सबै घटनाहरूलाई एकसाथ विश्लेषण गर्दा एउटा महत्वपूर्ण तथ्य उजागर हुन्छ– हिमालय क्षेत्रमा भूकम्पहरू एकैपटक सम्पूर्ण रूपमा नभई खण्ड-खण्डमा आउँछन्। अर्थात्, कुनै समयमा पश्चिम भाग सक्रिय हुन्छ, कुनै समयमा मध्य, त कुनै समयमा पूर्वी भाग । सन् १५०५ मा पश्चिम, १९३४ मा पूर्व र २०१५ मा मध्य नेपाल प्रभावित हुनु यसैको प्रमाण हो । यस सन्दर्भमा सबैभन्दा चिन्ताजनक पक्ष पश्चिम नेपालको वर्तमान अवस्था हो । करिब पाँच सय वर्षदेखि ठूलो भूकम्प नआएको यो क्षेत्र अहिले अत्यधिक जोखिममा रहेको मानिन्छ । भू-वैज्ञानिक अध्ययनहरूले त्यहाँ अवरुद्ध चिराको अवस्था देखाएका छन्, जसले भविष्यमा एमडब्लु ८ भन्दा माथिको महाभूकम्प आउन सक्ने सम्भावना देखाउँछ । यदि यस्तो भूकम्प आयो भने यसको प्रभाव केवल पश्चिम नेपालमा सीमित नरही देशव्यापी हुन सक्छ । तर, यहाँ एउटा अर्को गम्भीर प्रश्न उठ्छ–के नेपाल यस्तो सम्भावित महाभूकम्पका लागि तयार छ ? दुर्भाग्यवश, उत्तर पूर्ण रूपमा सकारात्मक छैन । आजको नेपाल विगतभन्दा धेरै फरक छ । तीव्र शहरीकरण, अनियन्त्रित बस्ती विस्तार, र कमजोर निर्माण अभ्यासले जोखिमलाई झनै बढाएको छ । विर्तामोड, काठमाडौं, पोखरा, बुटवल, नेपालगञ्ज, धनगडी जस्ता शहरहरूमा जनघनत्व अत्यधिक बढेको छ। तर ती संरचनाहरूको ठूलो हिस्सा अझै पनि भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण भएका छैनन् । ग्रामीण क्षेत्रमा अवस्था अझ चुनौतीपूर्ण छ । ढुंगा-माटोका परम्परागत घरहरू अझै व्यापक छन्, जसले ठूलो भूकम्पको बेला उच्च जोखिम निम्त्याउँछन्। विद्यालय, स्वास्थ्य संस्था, र सार्वजनिक भवनहरूमा समेत पूर्ण रूपमा भूकम्पीय सुरक्षा सुनिश्चित हुन सकेको छैन ।

यसबाहेक, भूकम्पको प्रत्यक्ष प्रभाव मात्र होइन, यसको द्वितीयक प्रभावहरू पनि अत्यन्त खतरनाक हुन सक्छन्। पहाडी क्षेत्रमा पहिरो, नदी थुनिने, र त्यसपछि आउने बाढीले थप विनाश निम्त्याउन सक्छ। २०७२ सालको अनुभवले यो कुरा स्पष्ट रूपमा देखाइसकेको छ । यस्तो अवस्थामा, भूकम्पलाई केवल प्राकृतिक विपत्ति भनेर पन्छिन मिल्दैन । यो व्यवस्थापन गर्न सकिने जोखिम हो। यसको अर्थ, सही नीति, प्रविधि र जनचेतनाको माध्यमबाट यसको प्रभावलाई उल्लेखनीय रूपमा घटाउन सकिन्छ । सबैभन्दा पहिलो आवश्यकता हो–भूकम्प प्रतिरोधी निर्माणलाई कडाइका साथ कार्यान्वयन गर्नु । नेपाल राष्ट्रिय भवन संहिता कागजमा मात्र सीमित नभई व्यवहारमा लागू हुनुपर्छ। विशेष गरी विद्यालय, अस्पताल, र सार्वजनिक संरचनाहरूलाई प्राथमिकताका साथ प्रवलीकरण (रेट्रोफिटिङ) गर्न आवश्यक छ । नेपालले यदि विगतका पाठहरूलाई गम्भीर रूपमा लिएन भने, भविष्यको महाभूकम्प केवल प्राकृतिक विपत्ति मात्र नभई राज्य असफलताको कारक पनि बन्न सक्छ । दोस्रो, वैज्ञानिक अनुसन्धान र निगरानी प्रणालीलाई सुदृढ बनाउनुपर्छ। आधुनिक प्रविधिको प्रयोग गर्दै भूकम्पीय गतिविधिको निरन्तर अनुगमन, नक्शाङ्कन र प्राचीन भूकम्प विज्ञान अध्ययनले भविष्यको जोखिमको स्पष्ट चित्र दिन सक्छ । तेस्रो, जनचेतना अभिवृद्धि अत्यन्त आवश्यक छ। भूकम्पको समयमा कसरी सुरक्षित रहने, कहाँ जाने, र के गर्ने भन्नेबारे जनतालाई नियमित रूपमा जानकारी दिनुपर्छ ।

विद्यालय स्तरदेखि नै विपद् शिक्षालाई सुदृढ बनाउनुपर्छ । चौथो, संस्थागत समन्वय बलियो हुनुपर्छ। संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका निर्धारण गरी आपतकालीन प्रतिकार्य प्रणालीलाई प्रभावकारी बनाउनु अपरिहार्य छ । अन्ततः, सन् १५०५ को भूकम्प केवल इतिहासको एउटा घटना मात्र होइन, यो भविष्यको चेतावनी पनि हो ।

**सांभार : अनलाइन खबर ।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday